## अनुसूची-३

**(दफा ३२(१) को खण्ड ङ(८) सँग सम्बन्धित)**

**शिक्षक वैयक्तिक तथा नौकरी विवरण फाराम(सिटरोल) म्याद नाघी पेस गरेमा एकाइमा गर्नुपर्ने सनाखत तथा पेस गर्नुपर्ने कागजातहरू**

म...............प्रदेश...........................जिल्ला..........................म.न.पा./उप.म./न.पा./न.पा./गा.पा वडा...........नम्बरमा बस्ने...........................................को नाति/नातिनी..............................को छोरा/छोरी.................वर्षको श्री...............................मिति.......................मा श्री...............................................विद्यालयमा ............तह...........श्रेणीमा स्थायी नियुक्ति भई कामकाज गरिरहेकोमा शिक्षा नियमावली, २०५९ ( संशोधन सहित) को नियम ९५(५) अनुसार स्थायी नियुक्ति पाएको मितिले तीन महिना भित्र शिक्षक वैयक्तिक तथा नौकरी विवरण फाराम(सिटरोल) भरी राष्ट्रिय किताबखानाबाट सङ्केत नम्बर लिइसक्नुपर्नेमा मेरो आफ्नै व्यक्तिगत कारणबाट ढिला गरी तोकिएबमोजिमको कागजात सहित सिटरोल दर्ताका लागि हाल आएको छु । स्थायी सेवा अवधि र प्रचलित नेपाल कानुनबमोजिम मेरो कुनै किसिमको विभागीय सजाय र गयलकट्टी भएको छैन । साथै सो अवधिभर असाधारण बिदा, बेतलबी बिदा, अध्ययन बिदा, औषधी उपचार खर्च लिइएको छैन । मैले सिटरोल फाराम ढिला पेस गरेको कारण भष्ट्राचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ५०, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (संशोधन सहित) को दफा ३१ (क) तथा शिक्षा ऐन, २०२८ (संशोधन सहित) एवम् शिक्षा नियमावली, २०५९(संशोधन सहित) बमोजिम सालबसाली रुपमा सम्पत्ति विवरण बुझाउने दायित्व पुरा गरेको हुँदा मैले ढिला गरी सिटरोल भरेबापत अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हुने निर्णय बमोजिमको दण्ड/जरिवाना बुझाउन मञ्जुर छु । मैले यस सिटरोलसाथ पेस गरेको सम्पूर्ण सेवासम्बन्धी कागजातहरू सबै सत्य छन् । कुनै झुटा विवरण पेस गरेको छैन र झुटा प्रमाणित भएमा कानुनबमोजिम सहूँला/बुझाउँला भनी सनाखत गर्दछु । अत: मेरो सिटरोल फाराम दर्ताका लागि प्रमाणित गरिदिनुहुन अनुरोध गर्दछु ।

**सनाखत गर्नेको**

(सम्बन्धित शिक्षक/हकवाला)

नाम,थर:.........................

तह/श्रेणी:.........................

विद्यालयको नाम:................

दस्तखत:.................

मिति: ....................

**रेखात्मक**

| दायाँ | बायाँ |
|---|---|
| | |

**सनाखत प्रमाणित गर्नेको**

नाम,थर:.........................

पद: एकाइ प्रमुख

जिल्ला:................

दस्तखत:.................

मिति: ...................

कार्यालयको छाप:

**तोकिएको समयमा सिटरोल दर्ता नगर्ने शिक्षकले दर्ता गर्न आउँदा थप पेस गनपर्ने कागजातहरू**

(क) सम्पत्ति विवरण दाखिला गर्ने दायित्व पुरा नगरेकोले जरिवानावापत राजश्व शीर्षक नम्बर १४३१२ मा रू. १०,०००।–तिरेको सक्कलै बैंक भौचर

(ख) किताबखानाबाट तोकिएको सनाखत फाराममा एकाइ प्रमुखबाट प्रमाणित फाराम (उक्त फाराम www.stro.gov.np बाट डाउनलोड गर्न सकिने ।)

(ग) सेवा अवधिभर तलब भत्ता रोक्का राखेको/नराखेको, औषधि उपचार, अध्ययन बिदा, असाधारण बिदा, वेतलबी बिदा लिए /नलिएको, विभागीय सजाय पाए/नपाएको, सेवा निरन्तरताको पत्र, विद्यालय, स्थानीय तह र एकाइको सिफारिस पत्र

(घ) नियुक्ति, पदस्थापना, स्तरवृद्धि, सरुवा, रमाना, बदुवा र अन्य सेवाकालीन पत्रहरू

(ङ) सिटरोल दर्ता गरिदिने भनी एकाइको सिफारिस पत्र

(च) राष्ट्रिय किताबखानाबाट पारित भएको गत र चालु आ.व.को तलबी प्रतिवेदनको प्रतिलिपि (स्थानीय तहबाट तलवी प्रतिवेदन पारित नगराएको भए सोको मनासिव कारण खुलेको स्थानीय तहको पत्र)

(छ) सम्वन्धित शिक्षकको हालसम्म सिटरोल फाराम नभर्नुको स्पष्ट कारणसहितको निवेदन